## चिकित्सा शिक्षा आयोग

## आशयपत्र, सम्बन्धन तथा प्रत्यायनसम्बन्धी आन्तरिक कार्यविधि,२०७८

कार्यकारी समितिको मिति २०७८/७/२२ गतेको निर्णयानसार स्वीकृत

पहिलो संशोधनः मिति २०७८।१२। २२ गते

दोस्रो संशोधन: मिति २०७९।०८।१३ गते

तेस्रो संशोधन: मिति २०८१।०१।११ गते

चिकित्सा शिक्षाका शैक्षिक कार्यक्रम संचालनका लागि शिक्षण संस्था स्थापना गर्न चाहने संस्थाले चिकित्सा शिक्षा आयोगबाट लिनुपर्ने आशसयपत्र, सम्बन्धन र प्रत्यायनका लागि राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ तथा राष्ट्रिय चिकित्सा शिक्षा नियमावली, २०७७ को व्यवस्थालाई सरलीकृत एवम् व्यवस्थित गरी कार्यान्वयन गर्न वाञ्छनीय भएकाले, चिकित्सा शिक्षा आयोगले यो कार्यबिधि वनाएको छ।

### परिच्छेदः एक

### प्रारम्भिक

१ **<u>संक्षिप्त नाम र प्रारम्भ</u>** (१) यस कार्यविधिको नाम "आशयपत्र, सम्बन्धन तथा प्रत्यायन सम्वन्धी आन्तरिक कार्यविधि, २०७८(शंशोधन सहित)" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त लागू हुनेछ।

**२ <u>परिभाषाः</u>** विषय बा प्रसंगले अको अर्थ नलागेमा, यस कार्यविधिमा:

(क) "आयोग" भन्नाले चिकित्सा शिक्षा ऐन, २०७५को दफा ३ बमोजिमको आयोग सम्झनु पर्नेछ।

(ख) "आशयपत्र" भन्नाले चिकित्सा शिक्षा सम्बन्धी शिक्षण संस्था स्थापना गर्नुभन्दा पहिला तोकिएका बिवरण र कागजातका आधारमा सम्बन्धन सम्बन्धी थप कार्य अगाडि बढाउन आयोगवाट दिइने अनुमती पत्र भन्ने सम्झनु पर्छ ।

(ग) 'ऐन" भन्नाले राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ सम्झनु पर्दछ ।

(घ) 'चिकित्सा शिक्षा" भन्नाले स्वास्थ्य पेसा सम्बन्धी सवै विधा र तहका शिक्षा (हेल्थ प्रोफसनल एजुकेशन) सम्झनु पर्दछ ।

(ङ) 'निर्देशक" भन्नाले राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ को दफा २९ वमोजिमको निर्देशक सम्झनु पर्दछ।

(च) "निर्देशनालय" भन्नाले राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ को दफा २८ बमोजिमको निर्देशनालय सम्झनु पर्छ ।

(छ) 'नियमावली" भन्नाले राष्ट्रिय चिकित्सा शिक्षा नियमावली, २०७७ सम्झनु पर्दछ।

(ज) "प्रतिष्ठान" भन्नाले प्रचलित कानुन बमोजिम चिकित्सा शिक्षा सञ्चालनका लागि स्थापित प्रतिष्ठान भन्ने सम्झनु पर्दछ ।

(झ) 'प्रत्यायन" भन्नाले चिकित्सा शिक्षा सम्बन्धी शिक्षण संस्था वा शैक्षिक कार्यक्रमको गुणस्तरको प्रमाणीकरणलाई सम्झनुपर्छ ।यस शब्दले सम्बन्धन प्राप्त गरिसकेको चिकित्सा शिक्षा सम्बन्धी कार्यक्रम संचालन गरेको संस्थाले आयोगबाट प्राप्त गुणस्तर सम्बन्धी प्रमाणपत्र समेतलाई जनाउँछ ।यसलाई अंग्रेजीमा एक्रिडिटेशन (Accreditation) भनी सम्झनु पर्दछ ।

(ञ) "परिषद" भन्नाले प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषदलाई जनाउँछ।

(ट) 'विश्वविद्यालय" भन्नाले चिकित्सा शिक्षा प्रदान गर्न गराउन प्रचालित कानुनबमोजिम स्थापित विश्वविद्यालय सम्झनु पर्दछ ।

(ठ) 'सम्बन्धन" भन्नाले चिकित्सा शिक्षा सम्बन्धी कार्यक्रम संचालन गर्ने आशयपत्र पाइसकेको संस्थाले आशयपत्रमा उल्लेख भएका शर्त र तोकिएका अन्य मापदण्ड अनुगमन र परीक्षण गरी प्राप्त भएपछि आयोगको सिफारिसका आधारमा सम्वन्धित बिश्वविद्यालय/ परिषदवाट दिइने संस्था/ कार्यक्रम संचालनको अनुमतिपत्र भन्ने सम्झनुपर्छ ।

(ड) 'शिक्षण संस्था" भन्नाले प्रचलित कानुनबमोजिम स्थापित चिकित्सा शिक्षा प्रदान गर्न मेडिकल कलेज वा शिक्षण संस्था सम्झनु पर्दछ र सो शब्दले शिक्षण संस्था संचालन गर्न दिइएको विस्तारित कार्यक्रमको अनुमतिलाई समेत जनाउँछ ।

(ढ) 'समिति" भन्नाले राष्टिय चिकित्सा शिक्षा ऐन, २०७५ को दफा ८ वमोजिमको कार्यकारी समिति सम्झनु पर्दछ ।

## परिच्छेद: दुई

## आशयपत्रसम्बन्धी व्यवस्था

३. **आशयपत्र सम्बन्धी व्यवस्था**: (१)* चिकित्सा शिक्षाका कार्यक्रम सञ्चालन गर्ने संस्था स्थापना गर्ने चाहनेले ऐन र नियमावली एवं यो कार्यविधि बमोजिमका प्रक्रिया पूरा गरी नियमावलीको अनुसूची १ मा तोकिए बमोजिमको ढाँचामा आयोगमा आशयपत्रका लागि निवेदन दिन सकिनेछ । यसरी निवेदन दिदा परिषद् अन्तर्गतका कार्यक्रम सञ्चालन गर्न इच्छुक शैक्षिक संस्थाले परिषद्को सिफारिस र प्रमाणपत्र तह भन्दा माथिका कर्यक्रम सञ्चालन गर्ने संस्थाले विश्वविद्यालय/प्रतिष्ठानको सिफारिस सहित आयोगबाट प्रकाशित वार्षिक क्यालेण्डरमा तोकिएको समय सिमा भित्र निवेदन दिनुपर्ने छ । बार्षिक क्यालेण्डर प्रकाशन भई नसकेको अवस्थामा कार्यकारी समितिले तोकेको समयसिमा भित्र निवेदन दिन सकिनेछ ।

(२) उपदफा (१) बमोजिमको आशयपत्र प्राप्तिका लागि ऐनले व्यबस्था गरेबमोजिम देहायका विवरण तथा कागजात संलग्न गरी आयोगमा निवेदन दिनुपर्नेछ ।

क. शिक्षण संस्था स्थापनाको लागि नक्सांकन सम्बन्धी विवरण

ख. शिक्षण संस्था स्थापनाको सम्बन्धमा आर्थिक तथा प्राविधिक प्रस्ताव.

ग. सम्बन्धन लिन चाहेको विश्वबिद्यालय/परिषदको 'अनुसची १क मा व्यवस्था भएको नमुना वमोजिमको सहमती पत्र,

घ. अस्पताल संचालन सम्बन्धमा स्वास्थ्य सम्बन्धी विषय हेर्ने नेपाल सरकारको मन्त्रालयको स्वीकृति पत्र.

ङ. राष्ट्रिय मापदण्ड तथा नक्साङ्कनसँगको अनुकूलता खुल्ने विवरण तथा कागजात,

च. जग्गा. भवन, अस्पताल, लगानीको सुनिश्चितता, लगानीकर्ताको विश्वसनीयता, भौतिक पूर्वाधार, सेवाक्षेत्र, आबधिक तथा विषय क्षेत्रगत योजना समेत खुलाई तयार गरिएको बिस्तृत प्रस्ताव,

छ. ऐनको दफा १२ बमोजिमको अवस्था नरहेको विवरण तथा कागजात,

ज. गैरसरकारी वा निजी क्षेत्रबाट सञ्चालन गरिने मेडिकल कलेज भए प्रचलित कानून बमोजिम स्थापना र दर्ता भएको प्रमाणपत्रको प्रतिलिपी,

झ. मेडिकल कलेज र शिक्षण अस्पताल एकै स्थानमा वा एक अर्कालाई पायक पर्ने स्थानमा हुने सुनिश्चितता भएको ड्रइङ डिजाइन र लोकेशन म्याप,

ञ. एमविविएस कार्यक्रमको लागि कम्तीमा तीन सय शैया र विडिएस/नर्सिङ कार्यक्रमका लागि कम्तीमा एकसय शैयाको मापदण्डअनुरूपको अस्पताल सञ्चालनमा रहेको प्रमाण,

ट. शैक्षिक प्रशासनिक एबं शिक्षण अस्पताल र आवासीय भवन निर्माण र विस्तारको गुरूयोजना,

ठ. नयाँ कार्यक्रम थपका लागि उक्त शिक्षण संस्था संचालनमा रहेको र अन्य कार्यक्रम संचालनका लागि पूर्वाधार र प्राज्ञिक सक्षमता पूरा भएको विवरण,

ड. संस्था नबीकरण गर्नुपर्ने भएमा अघिल्लो वर्षको नवीकरण र कर चुक्ताको प्रमाणपत्र,

ढ आफ्नै संस्थाको नाममा जग्गा हुनुपर्ने कार्यक्रमका हकमा देहाय वमोजिमको जग्गा भएको प्रमाण

१. मेडिकल कार्यक्रम संचालनका लागि हिमाल, पहाड तथा उपत्यकामा कम्तीमा २०० रोपनी र तराईमा भए कम्तीमा १६ बिघा ।

२. डेन्टल कार्यक्रम संचालनका लागि लागि हिमाल, पहाड तथा उपत्यकामा कम्तीमा १०० रोपनी कम्तीमा र तराईमा भए आठ विघा ।

३. बुँदा नं (१) र (२) वाहेकका अन्य कार्यक्रमका हकमा हिमाल पहाड तथा उपत्यकामा भए कम्तीमा २० रोपनी र तराईमा भए कम्तीमा चार विघा ।

४. बुँदा नं १ देखि ३ सम्मको जग्गाको हकमा बढीमा दुई स्थानसम्ममा प्रबन्ध गर्न सकिनेछ तर उक्त दुई स्थान विचको दूरी १० किलोमिटरभन्दा बढी हुने छैन ।

(३) खण्ड (ढ) मा जे सुकै भनिए तापनि पहिले नै सम्बन्धन लिई चिकित्सा विधाका कुनै पनि कार्यक्रम संचालन भई रहेका शिक्षण संस्थामा थप कार्यक्रम संचालन गर्न आशयपत्रका लागि निवेदन पेस गर्दा अस्पताल संचालन गर्नुपर्ने कार्यक्रम बाहेकका अन्य कार्यक्रममा साविकमा तोकिएको मापदण्ड पूरा भएको भए यो व्यवस्था लागू हुने छैन ।

(४) दफा ५ को उपदफा (३) बमोजिम समितिको सिफारिस समेतको आधारमा आयोगले अवधि र आवश्यक शर्त तोकि अनुसूची २ बमोजिमको ढाँचामा आशयपत्र प्रदान गर्न सक्नेछ ।

(५) सम्बन्धन लिइ कुनै पनि तहको कार्यक्रम संचालन गरिरहेका शिक्षण संस्थाले सोही कार्यक्रममा थप बिषय संचालनका लागि आशयपत्र लिनुपर्ने छैन तर नयाँ कार्यक्रम संचालनका लागि आशयपत्र लिनुपर्ने छ ।

(६) उपदफा (५) वमोजिम नयाँ विषय तथा कार्यक्रम थप गर्ने सम्बन्धमा अन्य कुराहरु कार्यकारी समितिले तोकेबमोजिम हुने छ।

४. **आबेदन शुल्क**:(१) यस कार्यबिधि अनुसार आवेदन गर्दाका वखत प्रति कार्यक्रम अनुसूची ७ बमोजिमको शुल्क आयोगले तोकेको वैंकमा जम्मा गरेको सक्कलै भौचर संलग्न राखी पेस गर्नुपर्नेछ।

(२) स्थापना भई संचालनमा रहेको र स्थापना हुने शिक्षण संस्थाले एक पटकमा बढीमा तीनवटा कार्यक्रम संचालनका लागि आवेदन गर्न पाइने छ।

(३) विशिष्टीकृत सेवाका लागि चाहिने नयां शैक्षिक कार्यक्रम र नेपाल सरकारले प्राथमिकता तोकेको क्षेत्र र स्थानमा स्थापना भएको शिक्षण संस्थाका लागि नवीकरण दस्तुर लाग्ने छैन ।

५. **विज्ञ समूह गठन**:(१) दफा ३ वमोजिम परेका निवेदन उपर ऐन तथा नियमावलीमा उल्लिखित शर्त तथा मापदण्ड पूरा भए वा नभएको सम्बन्धमा अध्ययन तथा स्थलगत अनुगमन गरी प्रतिवेदन पेश गर्न समितिले आवश्यक ठानेमा विज्ञहरू रहेको कार्यदल गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम कार्यदल गठन भएको अवस्थामा कार्यदलले पेश गरेको प्रतिवेदन समेतका आधारमा त्यस्तो संस्थाले निर्धारित मापदण्ड र शर्त पूरा गरेको देखिएमा आशयपत्र प्रदान गर्ने प्रयोजनको लागि कार्यकारी समक्ष सिफारिस गर्नेछ ।

(३) उपदफा (२) वमोजिम समितिको सिफारिस समेतको आधारमा आयोगले अवधि र आवश्यक शर्त तोकी आशयपत्र प्रदान गर्न सक्नेछ ।

(४) नियमावली प्रारम्भ भएपछि आशयपत्र प्राप्त गरेका शिक्षण संस्थाको आशयपत्रको अवधि पाँच वर्षसम्म बहाल रहने छ र सो अवधिभित्र शिक्षण संस्था संचालन नभएमा त्यस्तो संस्थाले प्राप्त गरेको आशयपत्र स्वतः रद्द हुनेछ ।

६. **<u>आशयपत्रको नवीकरण</u>** :(१) नियमावली प्रारम्भ हुँदाका वखत आशयपत्र प्राप्त गरेका शिक्षण संस्थाले ऐन तथा यस नियमावली बमोजिमको प्रत्येक वर्ष असार मसान्तभित्र नवीकरणका लागि निबेदन पेस गर्नुपर्ने छ ।

(२) आशयपत्र नबीकरणको नमुना अनुसूची ३ वमोजिम हुनेछ ।

(३ आशयपत्रको नवीकरण दस्तुर अनुसूची ७ मा तोकिएबमोजिम हुनेछ ।

(४) दफा ३ बमोजिमको शर्त पूरा नगरेका शिक्षण संस्थाको आशयपत्र नवीकरण गरिने छैन ।

(५) आशयपत्र पाएको मितिले पाँच वर्षको अबधिभित्र मापदण्डका शर्त पूरा गरी शिक्षण संस्था सञ्चालन नभएमा आशयपत्र स्वतः रद्द हुनेछ र आशयपत्रका लागि वुझाएको शुल्क फिर्ता हुनेछैन ।

(६) उपदफा(३) वमोजिमको मापदण्डका शर्त पूरा गरी शिक्षण संस्था सञ्चालन नभए वा यस नियम बमोजिम नवीकरण नगरेमा वा नभएमा सम्वन्धित संस्थाले प्राप्त गरेको आशयपत्र रद्द हुनेछ ।

तर, त्यसरी आशयपत्र रद्द गर्नु अघि सम्बन्धित संस्थालाई आफ्नो सफाई पेश गर्ने मनासिव मौका दिनु पर्ने छ ।

७. **<u>आशयपत्र प्रदान नगरिने:</u>** (१) ऐनको दफा १२ बमोजिम देहायको अवस्थामा शिक्षण संस्था स्थापना गर्न आशयपत्र प्रदान गरिने छैनः

(क) विद्यार्थीको पढाई र अभ्यासका लागि मेडिकल तर्फ कम्तीमा तीनसय तथा डेन्टल र नर्सिडतर्फ एकसय शैयाको अस्पताल संचालन नभएसम्म सम्बन्धित विषयको कुनै कार्यक्रम संचालन गर्न।

(ख) यस कार्यविधि र आयोगले तोकेका अन्य मापदण्ड पूरा नभएमा ।

(ग) दफा ५ वमोजिमको विज्ञ समूहले सिफारिश नगरेमा ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि ऐन प्रारम्भ भएको मितिले दश बर्षसम्म काठमाडौ उपत्यका भित्र मेडिकल, डेन्टल र नर्सिङ विषयमा स्नातक कार्यक्रम संचालन गर्नका लागि शिक्षण संस्था स्थापना र संचालन गर्न आशयपत्र प्रदान गरिने छैन ।

(३) साविकमा अन्य कार्यक्रमको सम्बन्धन लिई संचालन गरिरहेका शिक्षण संस्थामा कार्यक्रम थप गर्दा समेत उपदफा (२) बमोजिमको हुनेछ

## परिच्छेद तीन

## सम्बन्धन सम्बन्धी व्यवस्था

८. **सम्बन्धन सम्बन्धी व्यवस्था** :(१) दफा ३ बमोजिम आशयपत्र प्राप्त गरेको शिक्षण संस्थाले ऐनको दफा १३ को अधीनमा रही सम्बन्धनको सिफारिसको लागि आयोगले निर्धारण गरेको अनुसूची ४ बमोजिमको ढाँचामा निवेदन दिन सक्नेछ ।

(२) उपनियम (१) वमोजिम निबेदन दिने संस्थाले देहायका शर्तहरु पूरा गरेको हुनु पर्नेछः

(क) आशयपत्रमा उल्लिखित शर्तहरू पूरा गरेको,

(ख) स्नातक तह र सो भन्दा माथिका कार्यक्रम सञ्चालनका लागि आफ्नै अस्पताल चाहिने कार्यक्रमका हकमा प्रचलित कानून बमोजिम स्वीकृती लिई लगातार तीन वर्षसम्म आफ्नै अस्पताल सञ्चालन गरेको । प्रमाणपत्र तहका कार्यक्रम सञ्चालनका लागि आफ्नै अस्पताल चाहिने कार्यक्रमका हकमा प्रचलित कानून बमोजिम अस्पताल सञ्चालन स्वीकृती लिई अस्पताल सञ्चालन गरेको,

(ग) आयोगले निर्धारण गरेको मापदण्ड र प्रचलित कानूनले तोकेका मापदण्ड पूरा गरेको,

(घ) विश्वविद्यालय/परिषदबाट सम्बन्धन प्राप्त गर्न योग्य रहेको प्रमाण पेश गरेको,

(ङ) अनुसूची-२ बमोजिम भौतिक, प्राज्ञिक तथा शैक्षिक पूर्वाधार पूरा गरेको,

(च) स्वयम् मूल्याङ्न प्रतिवेदन संलग्न गरेको,

(छ) आशयपत्र नवीकरण भएको.

(३। उपनियम (२) बमोजिमका शर्तहरु पूरा गरे वा नगरेको सम्बन्धमा आयोगले विज्ञद्वारा अनुगमन गराई प्रतिवेदन लिन सक्नेछ ।

(४) उपनियम (३) बमोजिमको अनुगमन प्रतिवेदन समेतका आधारमा समितिले सम्बन्धित संस्थालाई सम्बन्धन दिने प्रयोजनको लागि आयोगमा सिफारिस गर्न सक्ने छ ।

(५) उपनियम (४) बमोजिमको समितिको सिफारिस समेतका आधारमा आयोगले सम्बन्धित संस्थालाई अनुसूची ५ को ढाँचामा सम्बन्धन दिन विश्वविद्यालय/ परिषदलाई सिफारिस गर्न सक्ने छ।

(६) उपनियम (५) बमोजिमको सम्बन्धनका लागि सिफारिस गरिएका संस्थालाई पूर्व स्वीकृति/सहमति दिने विश्वविद्यालय/ परिषदले सम्बन्धन दिई सोको जानकारी आयोगमा उपलब्ध गराउनु पर्ने छ।

९. **<u>सम्बन्धन खारेजी सम्बन्धी व्यवस्थाः</u>** (१) सम्बन्धन प्राप्त वा आङ्गिक शिक्षण संस्थाले स्वीकृत मापदण्ड पूरा गरे वा नगरेको सम्बन्धमा आयोगले विज्ञद्वारा निरीक्षण गराउन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम निरीक्षण गर्दा ऐनको दफा १४ को उपदफा (१) वमोजिमको अवस्था पाइएमा एक पटकको लागि मापदण्ड पूरा गर्न बढीमा एक वर्षको समय दिन सकिनेछ ।

(३) उपनियम (२) वमोजिमको अवधिभित्र मापदण्ड पूरा गर्न नसक्ने शिक्षणसंस्थाले प्राप्त गरेको एक वा सो भन्दा वढी शैक्षिक कार्यक्रमको सम्बन्धन खारेजीका लागि आयोगले सम्वन्धित विश्वविद्यालय/परिपदमा सिफारिस गर्नेछ ।

(४) नियम २५ बमोजिम आयोगले निर्धारण गरेको शुल्क भन्दा बढी शुल्क लिएमा समितिको सिफारिसमा आयोगले त्यस्तो शिक्षण संस्थाको सम्बन्धन खारेजीका लागि विश्वविद्यालय/ परिषद समक्ष सिफारिस गर्न सक्नेछ ।

(५) उपनियम (३) वा (४) बमोजिम सिफारिस प्राप्त भएमा सम्बन्धित विश्वविद्यालयले ऐनको दफा १४ को उपदफा (२) र (३) बमोजिमको प्रकृया पूरा गरी त्यस्तो शिक्षण संस्थाको कुनै एक वा सो भन्दा बढी शैक्षिक कार्यक्रमको सम्बन्धन खारेजी गर्नेछ ।

(६) उपनियम (५) बमोजिम सम्बन्धन खारेज भएका शिक्षण संस्थाको विवरण सम्बन्धित विश्वविद्यालय वा परिषदले सार्वजनिक गरी पन्ध्र दिनभित्र आयोगमा जानकारी गराउनु पर्नेछ ।

(७) सम्बन्धन खारेजी भएका शिक्षण संस्थामा अध्ययनरत विद्यार्थीहरूको अध्ययन पूरा गराउने तथा उपाधि प्रदान गर्ने कार्य सम्वन्धित विश्वविद्यालय वा परिपदले गर्नु पर्नेछ र सोको आर्थिक दायित्व सम्वन्धन खारेज भएको शिक्षण संस्थाको हुनेछ ।

## परिच्छेदः चार

## <u>प्रत्यायन सम्बन्धी व्यवस्था</u>

१०. **<u>प्रत्यायन सम्बन्धी व्यवस्थाः</u>** (१) चिकित्सा शिक्षाका कार्यक्रम संचालन गर्ने प्रत्येक शिक्षण संस्थाले आफ्नो र आफूले संचालन गर्ने कार्यक्रमको प्रत्यायन गराउनु पर्नेछ ।

(२) ऐनको दफा १५ बमोजिमको प्रत्यायनसम्बन्धी कार्य मापदण्ड तथा प्रत्यायन निर्देशनालयले गर्नेछ।

(३) उपदफा (१) र (२) बमोजिमको कार्यमा सहयोग गर्न नियमावलीको नियम २५(१) बमोजिम देहायको चिकित्सा शिक्षा प्रत्यायन समिति रहने छ ।

(क) निर्देशक, मापदण्ड तथा प्रत्यायन निर्देशनालय - संयोजक

(ख) रजिष्ट्रार, नेपाल मेडिकल काउन्सिल - सदस्य

(ग) विश्वविद्यालयका डीनहरू मध्ये समितिबाट मनोनीत एक जना - सदस्य

(घ) प्रतिष्ठानका डीनहरूमध्ये समितिबाट मनोनीत एक जना - सदस्य

(ङ) नेपाल मेडिकल काउन्सिल, नेपाल नर्सिङ परिषद लगायतका पेशागत व्यावसायिक परिषद्का अध्यक्षहरूमध्ये समितिबाट मनोनीत एक जना - सदस्य

(ङ) महाशाखा प्रमुख (प्रत्यायन हेर्ने), विश्वविद्यालय अनुदान आयोग - सदस्य

(छ) वरिष्ठ अधिकृत, मापदण्ड तथा प्रत्यायन निर्देशनालय सदस्य- सचिव

(४) शैक्षिक कार्यक्रमहरूको प्रत्यायन गराउन चाहने शिक्षण संस्थाले नियमावलीको नियमावलीको अनुसूची ७ बमोजिमको ढाँचामा आवेदन दिनु पर्नेछ ।

(५) उपदफा (४) बमोजिम प्रत्यायनका लागि प्राप्त आवेदनको अध्ययन तथा छानविनका लागि चिकित्सा शिक्षा प्रत्यायन समितिले आवश्यकता अनुसार विज्ञ सम्मिलित अध्ययन कार्यदल गठन गर्न सक्नेछ।

(६) उपदफा (५) बमोजिम अध्ययन कार्यदल गठन भएको अवस्थामा सो कार्यदलले आवेदक संस्थाको प्राज्ञिक एवम् भौतिक पूर्वाधारको स्थलगत अध्ययन गरी दफा १० को उपदफा (३) को समितिले निर्धारण गरेको प्रत्यायन सम्बन्धी मापदण्ड पूरा गरे वा नगरेको सम्बन्धमा प्रतिवेदन पेश गर्नु पर्नेछ ।

(७) उपदफा (६) बमोजिम प्रतिवेदन पेश भएको भए सो समेतका आधारमा उपदफा (३) वमोजिम गठित समितिले त्यस्तो शिक्षण संस्थाको कुनै एक वा एकभन्दा बढी शैक्षिक कार्यक्रमलाई प्रत्यायन गर्न मापदण्ड तथा प्रत्यायन निर्देशनालयलाई सिफारिस गर्नेछ ।

(८) उपदफा (७) बमोजिम प्राप्त सिफारिसका आधारमा मापदण्ड तथा प्रत्यायन निर्देशनालयले सम्बन्धित शिक्षण संस्थाको कुनै एक वा एक भन्दा बढी शैक्षिक कार्यक्रमलाई समितिको सिफारिशमा प्रत्यायन गर्न सक्नेछ ।

(९) उपनियम (८) वमोजिम प्रत्यायन प्राप्त कार्यक्रमहरूको मापदण्ड अनुरूपको पूर्वाधार पूरा गरेको नदेखिएमा समितिले जुनसुकै बखत प्रत्यायन रद्द गर्न सक्नेछ । तर, त्यसरी प्रत्यायन रद्द गर्नु अघि सम्बन्धित संस्थालाई आफ्नो सफाई पेश गर्ने मनासिव मौका दिनु पर्नेछ ।

(१०) संस्था तथा कार्यक्रमको प्रत्यायन गर्दा अनुसूची ७ बमोजिमको शुल्क लाग्नेछ ।

## परिच्छेदः पाँच

## विविध

११. **नेशनल बोर्ड अफ मेडिकल स्पेसियालिटिजका कार्यक्रम संचालन सम्बन्धी व्यवस्थाः** नेशनल बोर्ड अफ मेडिकल स्पेसियालिटिजका कार्यक्रम संचालन सम्बन्धी व्यवस्था नेशनल बोर्ड अफ मेडिकल स्पेसियालिटिजका कार्यक्रम संचालनकार्यविधि, २०७७ वमोजिम हुनेछ।

१२. **परिषद अन्तर्गत संचालन हुने चिकित्सा शिक्षा सम्बन्धी कार्यक्रमको आशयपत्र, सम्बन्धन तथा प्रत्यायन सम्बन्धीव्यवस्थाः** (१) परिषद् अन्तर्गत संचालन हुने चिकित्सा शिक्षा सम्बन्धी कार्यक्रमको आशयपत्र, सम्बन्धन तथा प्रत्यायन सम्बन्धी व्यवस्था गर्नका लागि कार्यकारी समितिले प्रत्यायन समितिका कुनै सदस्यको संयोजकत्वमा देहाय बमोजिमको एक प्रत्यायन उपसमिति गठन गर्न सक्नेछ ।

क) प्रत्यायन समितिका सदस्यहरूमध्येबाट एक जना - संयोजक

ख) मेडिकल/डेन्टल तर्फका विषय विज्ञहरूमध्येबाट एक जना- सदस्य

ग) नर्सिङ तर्फका विषय विज्ञमध्येबाट एक जना -सदस्य

घ) स्वास्थ्य व्यवसायी परिषद्मा दर्ता हुने विषयसँग सम्बन्धित विज्ञहरू मध्येबाट एक जना -सदस्य

ङ) फार्मेसी विषयसँग सम्बन्धित विज्ञहरू मध्येबाट एक जना - सदस्य

च) मापदण्ड तथा प्रत्यायन निर्देशनालयको वरिष्ठ अधिकृत - सदस्य

छ) मापदण्ड तथा प्रत्यायन निर्देशनालयको अधिकृत -सदस्य सचिव

उल्लेखित उपसमितिका खण्ड (क) ,(ख), (ग) ,(घ) र (ङ) सम्मका सदस्यको मनोनयन कार्यकारी समितिले गर्नेछ र मनोनीत सदस्यको पदावधि २ वर्षको हुनेछ । उल्लेखित विज्ञ सदस्य रहेका भन्दा फरक विषय क्षेत्रको वारेमा निर्णय गर्नुपर्दा सम्बन्धित क्षेत्रको विज्ञलाई उपसमितिले आमन्त्रण गर्न सक्ने छ ।

(२) उपदफा (१) बमोजिम गठन भएको समितिले परिषद अन्तर्गत संचालन हुने चिकित्सा शिक्षाका सवै कार्यक्रमको आशयपत्र, कार्यक्रमको स्वीकृति, सम्बन्धन, सिट निर्धारण र प्रत्यायन तथा संस्था नवीकरण सम्बन्धमा प्रत्यायन समिति समक्ष सिफारिश गर्नेछ ।

(३) उपदफा (२) बमोजिम प्राप्त सिफारिसको अध्ययन गरी प्रत्यायन समितिले आशयपत्र तथा सम्बन्धन सम्बन्धमा आवश्यक निर्णय गर्नका लागि कार्यकारी समितिमा पेस गर्नेछ ।

(४) परिषदअन्तर्गत संचालन हुने चिकित्सा शिक्षा सम्बन्धी कार्यक्रमको आशयपत्र, प्रत्यायन रसम्बन्धन सम्बन्धी शुल्क अनुसूची ७ बमोजिम हुनेछ ।

१३. ........................................

१४. **<u>कार्यविधिमा संशोधनसम्बन्धी व्यवस्थाः</u>** मापदण्ड तथा प्रत्यायन निर्देशनालयको सिफारिसमा समितिले यस कार्यविधिमा आवश्यक हेरफेर, थपघट र परिमार्जन गर्न सक्नेछ ।

१५...............................................

१६. **<u>खारेजीः</u>** परिषद अन्तर्गतका कार्यक्रमको आशयपत्र र सम्बन्धन सम्बन्धमा यस पूर्व भएका परिपत्र र अधिकार प्रत्यायोजन यो कार्यविधि लागू भएपछि स्वतः खारेज हुनेछ :

अनुसूची २

(दफा ३ सँग सम्बन्धित)

<u>आयोगबाट दिइने आशयपत्रको ढाँचा</u>

च.न.:

मितिः

विषयः आशयपत्रसम्बन्धमा ।

श्री

प्रस्तुत विषयमा त्यस संस्थाले चिकत्सा शिक्षा अन्तर्गतको..........., .............., ............ कार्यक्रमका लागि पूर्वाधार तयार गर्न आशयपत्र प्राप्तिका लागि पेश गरेको आवेदन उपर कारवाहीका लागि सम्बन्धन तथा प्रत्यायन सम्बन्धी कार्यविधि, २०७८ को दफा ५ बमोजिम गठित समितिको सिफारिस बमोजिम राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५, राष्ट्रिय चिकित्सा शिक्षा नियमावली, २०७७ र आसयपत्र, सम्बन्धन तथा प्रत्यायन सम्बन्धी कार्यविधि, २०७८ मा उल्लिखित सबै व्यवस्था तथा निम्नलिखित शर्तहरू पालना गर्नेगरी देहायका शैक्षिक कार्यक्रमको पूर्वाधार विकासका लागि कार्यकारी समितिको मिति २०......./........./........ को निर्णयानुसार ................ वर्षका लागि आशयपत्र प्रदान गरिएको व्यहोरा अनुरोध छ।

आशयपत्र प्रदान गरिएका विषयः

आशयपत्र लागू हुने मितिः

<u>संस्थाले पालना गर्नुपर्ने शर्तहरू:</u>

(क) शिक्षण संस्थाले स्वदेशी लगानी भए १० प्रतिशत र विदेशी वा विदेशीसँग संयुक्त लगानी भए २० प्रतिशत विद्यार्थीहरुलाई आयोगको सिफारिसमा निःशुल्क अध्ययन गराउनु पर्नेछ ।

(ख) निःशुल्क अध्ययन गर्न पठाइएका विद्यार्थीहरुसंग आयोगले तोकेको शीषर्कमा मात्र रकम लिनपाउनेछ।

(ग) मेडिकल डेन्टल कार्यक्रम संचालन गर्ने संस्थाले शिक्षण अस्पततालको २० (वीस) प्रतिशत शैया असहाय र अशक्त विरामीको लागि छुट्याउनुपर्नेछ। त्यसमध्ये १० (दश) प्रतिशतलाई निःशुल्क उपचार गराउनुपर्नेछ भने १० (दश) प्रतिशतलाई बेडको शुल्क नलिने व्यवस्था गर्नुपर्नेछ ।

(घ) अध्ययनको लागि शिक्षण संस्थामा कार्यरत विदेशीहरुले व्यक्तिगत क्लिनिक खोल्न वा अरुको क्लिनिकमा कार्य गर्न पाउने छैनन् ।

(ङ) नेपालमा दर्ता नभएको विदेशी संस्थाले आशयपत्र प्राप्त गरेको ६ महिनाभित्र नेपालभित्र संस्था दर्ता गर्नुपर्नेछ ।

(च) शिक्षण संस्थाले सम्बन्धन दिने विश्वविद्यालय/परिषद् सम्बन्धित काउन्सिलका शर्त बन्देज पालना गर्नुपर्नेछ

**अनुसूची ७**

**<u>शल्क सम्बन्धी व्यवस्था</u>**

| क्र.स. | कार्यक्रम | रकम |
|---|---|---|
| १ | **आशयपत्र निवेदन बापत (नियमावली अनुसार)** | |
| | क. एमविविएस कार्यक्रम (स्वदेशी लगानी। | १०,००,०००/- |
| | ख एमविविएस कार्यक्रम (विदेशी लगानी) | २०,००,०००/- |
| | ग. विडिएस कार्यक्रम (स्वेदेशी लगानी) | ५,००,०००/- |
| | घ. विडिएस कार्यक्रम (विदेशी लगानी) | १०,००,०००/- |
| | ङ अन्य कार्यक्रम (स्वदेशी लगानी। | २,००,०००/- |
| | च. अन्य कार्यक्रम (विदेशी लगानी) | ५,००,०००/- |
| | छ. परिषद अन्तर्गत संचालन हुने कार्यक्रम, ( प्रति कार्यक्रम स्वदेशी लगानी भए | २,००,०००/- |
| | ज. परिषद अन्तर्गत संचालन हुने कार्यक्रम ( प्रति कार्यक्रम विदेशी लगानी भए) | ५,००,०००/- |
| २ | **आशयपत्र नविकरण बापत (नियमावली अनुसार)** | |
| | क. एमविविएस कार्यक्रम (स्वदेशी लगानी। | ५,००,०००/- |
| | ख एमविविएस कार्यक्रम (विदेशी लगानी) | १०,००,०००/- |
| | ग. विडिएस कार्यक्रम (स्वेदेशी लगानी) | २,००,०००/- |
| | घ. विडिएस कार्यक्रम (विदेशी लगानी) | ५,००,०००/- |
| | ङ अन्य कार्यक्रम (स्वदेशी लगानी। | १,००,०००/- |
| | च. अन्य कार्यक्रम (विदेशी लगानी) | २,००,०००/- |
| | छ. परिषद अन्तर्गत संचालन हुने कार्यक्रम प्रति कार्यक्रम स्वदेशी लगानी भए | १,००,०००/- |

| | | |
|---|---|---|
| | ज. परिषद अन्तर्गत संचालन हुने कार्यक्रम प्रति कार्यक्रम विदेशी लगानी भए | २,००,०००/- |
| ३ | **सम्बन्धन सिफारिश शुल्क** | |
| | क. एमविविएस कार्यक्रम (स्वदेशी लगानी। | ५,००,०००/- |
| | ख एमविविएस कार्यक्रम (विदेशी लगानी) | १०,००,०००/- |
| | ग. विडिएस कार्यक्रम (स्वेदेशी लगानी) | २,००,०००/- |
| | घ. विडिएस कार्यक्रम (विदेशी लगानी) | ५,००,०००/- |
| | ङ अन्य कार्यक्रम (स्वदेशी लगानी। | १,००,०००/- |
| | च. अन्य कार्यक्रम (विदेशी लगानी) | २,००,०००/- |
| | छ. परिषद अन्तर्गत संचालन हुने कार्यक्रम: प्रति कार्यक्रम | १०,०००/- |
| ४ | **प्रत्यायन सिफारिश शुल्क** | |
| | क. एमविविएस कार्यक्रम (स्वदेशी लगानी। | ५,००,०००/- |
| | ख एमविविएस कार्यक्रम (विदेशी लगानी) | १०,००,०००/- |
| | ग. विडिएस कार्यक्रम (स्वेदेशी लगानी) | २,००,०००/- |
| | घ. विडिएस कार्यक्रम (विदेशी लगानी) | ४,००,०००/- |
| | ङ अन्य कार्यक्रम (स्वदेशी लगानी। | १,००,०००/- |
| | च. अन्य कार्यक्रम (विदेशी लगानी) | २,००,०००/- |
| | छ. परिषद अन्तर्गतका कार्यक्रमहरु: प्रति कार्यक्रम स्वदेशी लगानी भए | १,००,०००/- |
| | ज. परिषद अन्तर्गत संचालन हुने कार्यक्रमहरु: प्रति कार्यक्रम विदेशी लगानी भए | २,००,०००/- |